श्री काठमाडौ जिल्ला अदालत

बबरमहल काठमाण्डौ

जिन्सि शाखा

फोननं४२६४१२८

मितिः२०७५/१२/२८

सुचना प्रकाशन मिती २०७५/१२/३०

उपरोक्त सम्बन्धमा यस अदालतको बिभिन्न मुद्दाहरूमा दशिको रूपमा प्राप्त हुन आई जिन्सिमा आम्दानि बाँधिएका ८ थान चारपाङ्ग्रे सवारिसाधन मध्ये बा.२ च.११५६ नं. र HR 55CT0063 नं को VICTA TATA SUMO समेत **२ थान दर्ता नं. नखुलेका सवारिसाधन स्क्रयाप(दर्ता नहुने) गरि लिलाम बिक्रि गर्ने** र अन्य बाँकि **वा 8.च 662.नंको कार. (proton zen.2,I6, UP 70 CH 3322 नंको गाडि. (Ford Ecosport, वा 1.य 1232.नंको रातो स्कार्पियो गाडि., BR/5/TMP/2017/97 स्कार्पियो गाडी, बा 17.च 6427 .नंको . गाडि(Tata safari Storme), बा.१२ च.५३९३ नं.को((Honda Amaze) समेतका-६ थान सवारिसाधन दर्ता हुने गरि** एकमुष्ट लिलाम बिक्रि गर्ने गरि मिती २०७५/१२/१९ गते भएको मुल्यांकन समितिको निर्णय बमोजिम उक्त सवारिसाधनहरू जे जस्तो अवस्थामा रहेका छन् सोही अवस्थामा शिलबन्दि बोलपत्रद्धारा लिलाम बिक्रि गर्ने प्रयोजनार्थ जिल्ला अदालत नियमावली २०७५ को नियम ९२(९) बमोजिम तथा आर्थिक ऐन नियम समेत बमोजिम **पहिलो पटक** शिलबन्दि वोलपत्रद्धारा एकमुष्ट लिलाम बिक्रि गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति तथा फर्महरूबाट देहाय बमोजिमको सर्तहरूको अधिनमा रही गोप्य शिलबन्दि बोलपत्र आव्हान गरिएको व्यहोरा सम्बन्धित सबैको लागि यो सुचना प्रकाशित गरिएको छ ।

१. बोलपत्र फाराम रू.२,०००/-(फिर्ता नहुने गरी) तिरी मिती **२०७६/०१/१५** गतेसम्म कार्यालय समय भित्र यस अदालतको जिन्सि शाखाबाट खरिद गर्न सकिनेछ। बोलपत्र खरिद गर्न दिने निवेदनसाथ व्यक्ति भए निपाली नागरिकताको प्रमाणपत्र,कुनै फर्म वा संस्था भए नविकरण सहितको फर्म वा संस्था दर्ताको प्रमाणपत्र र गत आ.व.सम्मको करचुक्ताको प्रमाणपत्र लागाएतका कागजातहरूको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

२. वोलपत्रसाथ आफुले कवुल गरेको अंकको १० प्रतिशतले हुने रकम नेपाल राष्ट्रबैंकमा कोष तथा लेखा नियन्त्रकको कार्यालय,ववरमहल काठमाण्डौका नाममा जम्मा हुने गरी धरौटि खाता नं.१२०१२००००१००२५२४ को कोड नं.२७२०४०३ मा जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्नेछ ।

३. वोलपत्रमा आफुले कवुल गरेको रकम मुल्य अभिबृद्धिकर बाहेकको अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ ।अंक र अक्षरमा लेखिएको फरक परेमा बढि लेखिएकोलाई मान्यता दिईनेछ ।

४. कुनै पनि शर्त राखि पेश भएको वोलपत्र मान्य हुने छैन ।

५. वोलपत्रदाताले मिती **२०७६/०१/१६** गते दिनको १२.०० बजे सम्म शिलवन्दि वोलपत्र यस अदालतको जिन्सि शाखामा दर्ता गराईसक्नु पर्नेछ ।सो दिन सार्वजनिक विदा परेमा अदालत खुलेको पहिलो दिन सोहि समयमा दर्ता गरिसक्नु पर्नेछ ।

६. दर्ताहुन आएको शिलबन्दि वोलपत्रहरू दर्ता भएकै दिनको २.०० बजे वोलपत्रदाताहरू र आमन्त्रित अन्य कार्यालयका प्रतिनिधिको रोहवरमा यस अदालतमा खोलिनेछ ।निर्धारित समयमा वोलपत्रदाताहरू अनुपस्थित भएमा पनि वोलपत्र खोल्न वाधा पर्ने छैन । बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पर्ण अधिकार यस अदालतमा निहित रहनेछ ।

७. वोलपत्र स्विकृत भई सुचना पाएको मितीले ७ दिनभित्र आफुले कवुल गरेको मुल्यको १३ प्रतिशतले हुने मुल्य अभिबृद्धि कर र वाँकि रकम समेत बुझाई सो बुझाएको ५ दिन भित्र सामान उठाई लैजानु पर्नेछ ।साथै मनासिव माफिकको कारण परेमा बाहेक तोकिएको ७ दिन भित्र मुल्य अभिबृद्धि कर र वाँकि रुपैंया नबुझाएमा वोलपत्रसाथ पेश भएको १० प्रतिशत रकम जफत हुनेछ ।

८. लिलाममा चढेको सम्पुर्ण चारपाङ्ग्रे सवारि साधन थान-८ को एकमुष्ट लिलाम गरिने हुँदा सो को लाग्ने रकम समेत एकमुष्ट कवुल गर्नु पर्नेछ ।

९. लिलाम गरिने सामान हेर्न चाहेमा यस अदालतको जिन्सि शाखामा सम्पर्क राखि हेर्न सकिनेछ ।

१०. यस अदालतबाट उपलव्ध गराईएका वोलपत्र फाराम मात्र प्रयोग गर्न पाईनेछ ।एउटाको नाममा खरिद गरेको वोलपत्र फारम अन्यले प्रयोग गर्न पाउने छैन ।वोलपत्र फारम दर्ता गराईसकेपछि फिर्ता लिन पाईने छैन ।

११. अन्य कुराहरू सम्बन्धित प्रचलित कानुन बमोजिम हुनेछ ।लिलाम हुने सम्पुर्ण चारपाङ्ग्रे सवारि साधन थान-८ को न्युनतम् एकमुष्ट मुल्य **रू.१,२४,८४,४२५/-(एक करोड चौबिसलाख चौरासि हजार चारसय पच्चिस रूपैंया)** रहेको छ

देहाय

| सि.नं. | जिन्सी नं. र मुद्दा नं. | दर्ता मिती | मुद्दा | वादी | प्रतिवादी | गाडी नं. | मुद्दाको अवस्था | न्युनतम् कायमि मुल्य रू./दर्ता हुने नहुने |
|---|---|---|---|---|---|---|---|---|
| १. | ५४९५/ ०१३२ | २०७१/०७/२१ | लागु औषध | प्रहरी प्रतिवेदन | लालबाबु चौधरी समेत | HR 55CT0073 नं.को VICTA TATA SUMO | २०७२/०३/३० मा दावि पुग्ने | रू.९०,०००/-(नव्बे हजार)/दर्ता नहुने |
| २. | ७१४४/ ०४७० | २०७३/१२/०२ | अपहरण तथा शरिरबन्धक | मुनेश कुमार रौनियार | अनिल कुमार महतो | वा.८ च.६६२ नं.को कार(proton zen.2,I6 | २०७३/१२/३० मा आंशिक दावी पुग्ने | ३,३२,१९०/- (तिनलाख बत्तिस हजार एकसय नव्बे)/दर्ता हुने |
| ३. | ७३०५/ ०८२१ | २०७३/०९/१२ | ठगी | रोजन लामा समेतको जाहेरी | प्रविण भन्ने ईश्वरी प्रसाद पोखरेल | UP 70 CH 3322 नं.को गाडि(Ford Ecosport) | २०७४/०३/२५ मा आंशिक दावी पुग्ने | ९,८२,५७०/- (नौलाख बयासी हजार पाँचसय सत्तरी)/दर्ता हुने |
| ४ | ७५७२/ १४७६ | २०७४/०१/२५ | सवारी ज्यान | कमल नकर्मी | दिपक राई भन्ने मन्जय राई | वा.२ च.११५६ को कार (Hundai) | २०७४/०९/०४ मा दावि पुग्ने फैसला | ७०,०००/- (सत्तरिहजार)/दर्ता नहुने |
| ५. | ७४६८/ ११९९ | २०७३/१२/०२ | विदेशि मुद्रा वसारपसार संगठित अपराध | प्रहरी प्रतिवेदन | पेम्वा तामाङ्ग समेत | वा.१ य.१२३२ नं.को रातो स्कार्पियो गाडि | २०७४/१०/२१ मा आंशिक दावी पुग्ने | २७,०७,२००/- (सत्ताईसलाख सातहजार दुईसय)/दर्ताहुने |
| ६. | ७९८९/ ०५०० | २०७४/०७/१७ | सुनको अवैध कारोवार | प्रहरी प्रतिवेदन | मनोज अधिकारी समेत | बा.१७ च. ६४२७ नं.को गाडि(Tata safari Storme) | २०७४/११/१३ दावी पुग्ने | ३९,६०,०००/- (उनान्चालिस लाख साठिहजार)/दर्ता हुने |
| ७ | ८२९०/ १११४ | २०७४/११/२० | लागु औषध डाईजेपाम | प्रहरी प्रतिवेदन | रमेश कुमार | BR/5/TMP/2017/97 स्कार्पियो गाडी | २०७४/१२/२७ मा आंशिक दावी पुग्ने फैसला | ३३,८४,०००/- (तेतिसलाख चौरासिहजार)/दर्ता हुने |
| ८. | ७९४२/ ०४२८ | २०७४/०६/३० | लागु औषध | प्रहरी प्रतिवेदन | पवन अग्रवाल समेत | वा.१२ च.५३९३ नं.को गाडि(Honda Amaze) | २०७५/०५/२४ मा आंशिक दावी पुग्ने | ९,५८,४६५/- (नौलाख अन्ठाउन्न हजार चारसयं पैसठ्ठि)/दर्ता हुने |

# काठमाडौं जिल्ला अदालत

## जिन्सी शाखा

**बिषयः- मुल्यांकन सम्बन्धमा ।**

२०७५/१२/१९ यसमा बिभिन्न मुद्दाहरूमा अभियोगपत्रसाथ पेश हुन आई यस अदालतमा जिन्सिमा आम्दानी बाँधिएका हालसम्म रूजु भिडान भएका संलग्न सुचि अनुसारका चारपाङ्ग्रे सवारीसाधन(गाडि) थान ८ वटा वसको मुल्य निर्धारण गर्न आज मिती २०७५/१२/१९ गतेका दिन यस अदालतका श्रेष्तेदार श्री आनन्द प्रसाद श्रेष्ठको अध्यक्षतामा जिल्ला अदालत नियमावली २०७५ को नियम ९२(५) बमोजिम गठित मुल्यांकन समितीको बैठकले देहाय बमोजिमको सर्वसम्मत निर्णय गरिएको छ ।

१.श्रेष्तेदार श्री आनन्द प्रसाद श्रेष्ठ.....................................................................अध्यक्ष
२.संजिव पोखरेल फैसला कार्यान्वयन अधिकारी(का.जि.अ.)........................................सदस्य
३.कोष तथा लेखा नियन्त्रण कार्यालय काठमाण्डौका लोचन कुमार वाग्ले(श.अ).............सदस्य
४.स.जि.न्या.व. श्री ठाकुर प्रसाद वास्ताकोटि (जि.स.ब.का. काठमाण्डौ).......................सदस्य
५. सडक बिभाग अन्तर्गतको हेभिईक्युपमेन्ट डिभिजन काठमाण्डौको मेकानिकल ईन्जिनियरश्री हरेकृष्ण मिश्र(विशेषज्ञ.).........................................................................सदस्य
६.तहसिलदार श्री संजिव ढकाल.............................................................................सदस्य

**निर्णय**

१. यस अदालतको मिती २०७५/१२/१९ गतेको मुल्यांकन समितीको बैठककोनिर्णय अनुसार देहायको मुद्दाहरूमा पेश हुन आएको देहायको चारपांग्रे सवारि साधनको हालको बजार मुल्यलाइ समेत मध्येनजर राखेर मुल्यांकन गरी प्रतिवेदन पेश गर्न भनी सडक बिभाग अन्तर्गतको हेभिईक्युपमेन्ट डिभिजन काठमाण्डौका अधिकृतस्तरका मेकानिकल ईन्जिनियरलाई पठाईदिन भनी पत्राचार गरिएकोमा उक्त कार्यालयका मेकानिकल ईन्जिनियर श्री हरेकृष्ण मिश्रले उक्त सवारिसाधनहरूको अवस्था र भौतिक निनिक्षण गरी मुल्यांकन प्रतिवेदन पेश भएकोमा लिलाममा चढेका उक्त देहायका सवारिसाधनहरूको हालको भौतिक अवस्था, लामो समय देखि यस अदालतको जिन्सिमा रहेको अवस्था एवं प्राविधिक विशेषज्ञबाट पेश भएको प्रतिवेदन समेतलाईलाई मध्येनजर गरि देहायमा उल्लेख भए बमोजम **जम्मा न्युनतम् मुल्य रू.१,२४,८४,४२५/-(एककरोड चौविस लाख चौरासि हजार चारसय पच्चिस रुपैंया)**कायम गर्ने निर्णय गरियो ।

२. उक्त लिलाममा चढेका ८ थान सवारिसाधन मध्ये वा.२ च.११५६ नं. र HR 55CT0063 नं.को VICTA TATA SUMO गाडिको उत्पादन वर्ष नखुलेको भनी हेभिईक्युपमेन्ट डिभिजन वानेश्वरका मेकानिकल ईन्जिनियरले पेश गरेको मुल्यांकन प्रतिवेदनबाट देखिएको साथै उत्पादन बर्ष नखुलेको सवारिसाधन स्क्रयाप गरि लिलाम बिक्रि गर्नु पर्ने व्यवस्था रहेको भन्ने यातायात व्यवस्था कार्यालय सानाठुला सवारि प्रदेश नं.-३ ललितपुरको मिती २०७५/१२/१३ च.नं.५६८ को पत्रबाट खुलि आएको देखिंदा उक्त २ थान दर्ता नं. नखुलेका सवारिसाधन स्क्रयाप(दर्ता नहुने) गरि लिलाम बिक्रि गर्ने र अन्य बाँकि वा.८ च.६६२ नं.को कार (proton zen.2,I6, UP 70 CH 3322 नं.को गाडि (Ford Ecosport, वा.१ य.१२३२ नं.को रातो स्कार्पियो गाडि, BR/5/TMP/2017/97 स्कार्पियो गाडी, बा.१७ च. ६४२७ नं.को गाडि(Tata Safari Storme), बा.१२ च.५३९३ नं.को((Honda Amaze) समेतका-६ थान सवारिसाधन दर्ता हुने गरि [illegible] लिलाम बिक्रि गर्ने गरि राष्ट्रिय दैनिक गोरखापत्रमा सुचना प्रकाशित गरि शिलबन्दि बोलपत्रको माध्ययमबाट लिलाम बिक्रि गर्ने निर्णय गरियो ।